# स्थानीय राजपत्र

## नारायण नगरपालिकाको नगरपालिका प्रहरी ऐन, २०८२

## सभाबाट स्वीकृत मितिः २०८२ असार १९

## नारायण नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## दैलेख

## कर्णाली प्रदेश, नेपाल





**नारायण नगरपालिकाको नगर प्रहरीको गठन सञ्चालन र व्यवस्थापन गर्ने ऐन, २०८२**

**प्रस्तावना**

नारायण नगरपालिका भरी सार्वजनिक सम्पत्तीको संरक्षण लगायत समुदायमा स्थानिय कानुनको परिपालना गराई सुव्यवस्था कायम राख्न नगरपालिकाको आफ्नै नगर प्रहरी संगठन स्थापना र सञ्चालन गर्न बान्छनीय भएकोले नेपालको संविधान अनुसूची ८(१) र धारा २२६ (१) द्वारा प्रदत्त अधिकारको प्रयोग गरि नारायण नगरसभाले नारायण नगरपालिका नगर प्रहरीको गठन सञ्चालन तथा व्यवस्थापन गर्न यो ऐन जारि गरिएको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भ**

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम नारायण नगरपालिकाको "नगर प्रहरी ऐन २०८२" भन्ने रहेको छ ।

२. यो ऐन नारायण नगरपालिका क्षेत्र भित्र लागु हुनेछ ।

३. यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ऐन भन्नाले नारायण नगरपालिकाको नगर प्रहरी ऐन २०८२ लाई बुझ्नुपर्दछ ।

(ख) नगरपालिका भन्नाले नारायण नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) प्रमुख भन्नाले नारायण नगरपालिका नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) प्रमुख प्रशासकीय अधिकृत भन्नाले नारायण नगरपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) नगर प्रहरी भन्नाले यस ऐन अन्तरगत नारायण नगरपालिकामा सेवा करारमा नियुक्ति पाएका वा परिचालन गरिएका प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ ।

(च) नगरपालिका प्रहरी प्रमुख भन्नाले जुनियर अफिसरलाई सम्झनु पर्दछ ।

**परिच्छेद-२**

**पालिका प्रहरी सेवाको गठन रेखदेख र नियन्त्रण**

**(३) पालिका प्रहरीको गठन :**

(१) यस ऐन बमोजिम नगरपालिका नगर प्रहरीको गठन हुनेछ ।

(२) उप दफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने प्रहरीको





ननाघेको ।

(३) दफा ७ को उपदफा १ ( क, ख र ग) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पद पुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति दिनेछन् ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**परिच्छेद-५**

**सजाय र पुनरावेदन**

१२. **सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ ।

क) नसिहत दिने ।

ख) तलब वृद्धि रोक्का गर्ने ।

ग) तल्लो तहमा घटुवा गर्ने ।

घ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पुर्ण वा आंशिक रुपमा तलवभत्ता बाट कट्टी गरी असुल गरिनेछ ।

ङ) भविश्यमा अयोग्य नठहरीने गरी नोकरी सेवाबाट बर्खास्त गर्ने ।

च) भविश्यमा अयोग्य ठहरीने गरी नोकरी सेवाबाट बर्खास्त गर्ने ।

१३ **नसिहत दिनेः**

(१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पुरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा बढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रक्रिया पुरा गरि सेवा बाट हटाईनेछ ।

१४. **तलब वा बढुवा रोक्नेः** नगर प्रहरीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलव वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१५. **तह र तलब घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसुर गरेमा निजलाई एक तह घटुवा गरि सोहि घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क) सन्तोषजनक काम नगरेमा

ख) अनुशासन हिनता गरेमा

ग) आचरण सम्बन्धी ऐन उल्लंघन गरेमा





घ) नगरपालिकाले दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वय नगरेमा

ङ) मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा

च) तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा पुरा नगरेमा

१६. **सेवा बाट हटाउने वा बर्खास्त गर्ने :** (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा सेवा बाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारण आफ्नो पदिय जिम्मेवारी पुरा गर्न नसेकेमा

ख) राजनीतिमा भाग लिएमा ।

ग) बारम्बार अनुशासनहिन काम गरेमा

घ) नैतिकपतन देखिने फौजदारि अभियोगमा अदालत बाट प्रमाणीत भएमा

ङ) कार्यालय समयमा मादक पदार्थ सेवन गरि हिडेमा

च) प्रचलित कानुन बमोजिम भ्रष्टचारजन्य कसुर गरेमा

छ) पदिय जिम्मेवारी अनुसारको आचरण नगरेमा

ज) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा

१७. **सजाय सम्बन्धी कार्यविधिः** (१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालीएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्न मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ । त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टिकरण पेश गर्नु पर्नेछ ।

१८. **पुनरावेदन लाग्नेः** दफा १२ बमोजिमको कारवाहीमा चित्त नबुझेमा ३५ दिन भित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**परिच्छेद-६**

**तलब भत्ता सेवा सुविधा सम्बन्धी व्यवस्था**

१९. **पारिश्रमिक, रासन, विदा तथा अन्य सुविधाः** (१) नगर प्रहरीको पारिश्रमिक रासन, विदा तथा अन्य सेवा सर्त र सुविधा यस ऐन, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्यसम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार १ वर्षमा नबढ्ने गरि थप गर्न सक्नेछ ।

संख्याको पद निर्धारण नगरकार्यपालिले समय समयमा तोके बमोजिम हुनेछ ।

**(४) पालिका प्रहरीको सेवाको रेखदेख र नियन्त्रण :**

(१) नगरपालिकामा गठन हुने प्रहरी सेवामा रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानुन बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

## परिच्छेद-३
## पालिका प्रहरी कर्मचारीको काम कर्तव्य र अधिकार

**५: नगर प्रहरी कर्मचारीको कर्तव्य:**

(१) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य, र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नारायण नगरपालिकाको नीती, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको चल अचल सम्पत्तीको सुरक्षा र संरक्षण

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाड पर्वको सुरक्षा व्यवस्थापन

(घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यवस्थापन

(ङ) नगरपालिका सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यान्वयन

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको सुरक्षा

(ज) विपद व्यवस्थापन सम्बन्धी खोजी उद्धार, राहात तथा पुनःस्थापना

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तीको संरक्षण, चोरी निकासी नियन्त्रण

(ञ) छाडा पशु चौपायको नियन्त्रण

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ती अतिक्रमण रोकथाम तथा नियन्त्रण

(ठ) कार्यालयले तोकेको अन्य कार्य

## परिच्छेद-४
## तह सिर्जना र पद पुर्ति

**६: नगर प्रहरीको दरवन्दी सिर्जना**

१. नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको दरवन्दी सिर्जना र खारेजी सम्बन्धी कार्य नगरकार्यपालिकाले गर्नेछ ।

२. नगर प्रहरीको दरवन्दी सिर्जना गर्दा यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण अल्पकालीन तथा दिर्घकालीन रुपमा पर्ने वित्तिय दायीत्वको विश्लेषण गर्नु पर्नेछ ।





**७. नगर प्रहरीमा रहने पदहरु**

१. नगर प्रहरीमा देहाय बमोजिम पदहरु रहनेछन्

(क) नगर प्रहरी सहायक निरिक्षक (सहायक स्तर पाँचौ, ईन्चार्ज)

(ख) नगर प्रहरी हवल्दार (सहायक स्तर चौथो)

(ग) नगर प्रहरी जवान (सहायक स्तर तेस्रो)

**८. पद पुर्ति समितिको गठन**

१. नगर कार्यपालिकाको बैठकले नगर प्रहरी पद पुर्ति समितिको गठन गर्न सक्नेछ । तर नगरपालिका स्थानीय सेवा ऐनमा रहेको पद पुर्ति समिति क्रियासिल भएमा सोहि समितिले नै नगरप्रहरी पद पुर्ति समितिको कार्य गर्न सक्नेछ ।

**९. करार सेवामा नियुक्ति गर्नुपर्ने**

१. यस ऐनमा जुनसुकै कुरा उल्लेख गरेता पनि कार्यपालिकाले सिर्जना गरेका दरवन्दीमा पद पुर्ति गर्दा प्रथम पटकका लागि नगर प्रहरी सहायक निरिक्षक पद बाहेकका अन्य पदहरुमा पद पुर्ति गर्दा पालिकाको विभिन्न क्षेत्र र तहमा विगत देखि सेवारत रई सेवाको निरन्तरता दिन नसकिने अवस्थामा रहेका कर्मचारीहरुको हकमा उमेर हद ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

२. नगर प्रहरी सहायक निरिक्षक पद बाहेकका अन्य पदहरुमा पद पुर्ति गर्दा प्रथम पटकका लागि नगरपालिकाको विभिन्न क्षेत्र र तहमा विगत देखि सेवारत रई सेवाको निरन्तरता दिन नसकिने अवस्थामा रहेका कर्मचारीहरु र बाहलवाला कर्मचारीहरुलाई विगतको कार्यसम्पादन मुल्याङ्कनलाई मुख्य आधार मानी नगरकार्यपालिकाले निर्णय गरी सेवा करारमा परिचालन गर्न सक्नेछ ।

**१०. नगर प्रहरीको आवश्यक योग्यता:**

१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) नगर प्रहरी सहायक निरिक्षक : यस पदको लागि कुनै विषयमा प्रमाण पत्र तह वा १२ कक्षा उर्तिण गरि १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको र पुर्व प्रहरी वा नेपाली सेनाको हकमा ४० वर्ष उमेर ननाघेको

ख) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागिः कुनै विषयमा माध्यामिक शिक्षा उर्तिण गरि १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको र पुर्व प्रहरी वा नेपाली सेनाको हकमा ४० वर्ष उमेर ननाघेको ।

ग) नगर प्रहरी जवानको लागिः आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष पुरा भई २५ वर्ष ननाघेको र पुर्व प्रहरी वा नेपाली सेनाको हकमा ४० वर्ष उमेर





३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएता पनि कार्यसम्पादन स्तर सन्तोषजनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

## परिच्छेद-७
## पोसाक र दर्जानी चिन्न

**२०.पोसाक र चिन्हः** नगर प्रहरीको दर्जानी चिन्ह, व्याज, पोसाक र सो को रंग सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिमको हुनेछ ।

## परिच्छेद-८
## विविध

**२१ तालीमः** छनौट भएका नगर प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउन पुर्व नेपाल प्रहरी सँगको समन्वयमा न्युनतम १ (एक) महिनाको आधारभुत तालीम प्रदान गर्नु पर्नेछ ।

**२२.पुरस्कारः** प्रशंसनिय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई नगरपालिकाको कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

**२३. कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रकिया बनाई लागु गर्न सक्नेछ ।

**२४. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यपालिकाले आवश्वक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

**सभाबाट स्वीकृत मिति : २०८२ असार १९**

**आज्ञाले,**
**बम बहादुर के.सी.**
**प्रमुख प्रशासकीय अधिकृत**